# आम्दा नेपाल

## शिलवन्दी बोलपत्र/दरभाउपत्र आव्हानको सूचना

(सूचना नं. 009739/AMDA/101/208081)

**(प्रथम पटक प्रकाशित मितिः वि.सं. २०८०।११।०१)**

गोकर्णेश्वर नगरपालिका वडा नं. ६, जोरपाटी, काठमाण्डौं स्थित आम्दा नेपालको केन्द्रिय कार्यालय, भवनको तेस्रो तलामा सभाहल तथा कम्पाउण्ड वाल निर्माणको बाँकी काम पुरा गर्नु पर्ने भएकाले ईच्छुक तथा प्रचलित कानून बमोजिम ईजाजत प्राप्त फर्महरुबाट वि.सं. २०८०।११।१५ गते दिउसो २ वजे भित्र आम्दा नेपालको केन्द्रीय कार्यालय, काठमाण्डौंमा आई पुग्ने गरि निम्न शर्त सहित शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । यस सूचना सम्बन्धी विस्तृत विवरणका लागि तलको ठेगानामा सम्पर्क राख्नुहुन समेत अनुरोध छ ।

**शर्तहरुः**

१. **बोपपत्र फारमको शुल्कः** बोलपत्रका शर्तनामा सहितको प्राविधिक तथा आर्थिक प्रस्ताव फारम आम्दा नेपालमा एकमुष्ट शुल्क रू. १,०००।०० वुझाइ खरिद गर्न सकिन्छ । बोलपत्र फारम मिति २०८०।११।१५ गते दिउसो ११ बजे सम्म खरिद गर्न सकिने छ ।

२. **प्रस्ताव फारम अलग अलग शिलबन्दी गरी बुझाउनु पर्नेः** 'प्राविधिक प्रस्ताव/बोलपत्र' र आर्थिक प्रस्ताव/बोलपत्र' छुट्टाछुट्टै खाममा अलग अलग शिलबन्दि गरी तोकिएको मिति र समय भित्र आम्दा नेपाल, केन्द्रीय कार्यालय जोरपाटी काठमाण्डौंमा बुझाउनु पर्नेछ । शिलवन्दी बोलपत्र पेश गर्दा शिलवन्दी बोलपत्र संलग्न रहने खाममा फर्म/कंपनीको नाम, ठेगाना, सम्पर्क टेलिफोन नंम्बर, सूचना नं.009739/AMDA/101/208081 र प्राविधिक प्रस्ताव वा आर्थिक प्रस्ताव प्रष्टसँग उल्लेख गरिएको हुनुपर्नेछ ।

३. **पेश गर्नु पर्ने कागजातहरूः** शिलवन्दी बोलपत्र पेश गर्दा प्राविधिक प्रस्ताव/बोलपत्र संलग्न रहने शिलवन्दी खाममा निम्न कागजात समेत संलग्न राख्नु पर्नेछ ।

- कम्पनी/फर्म दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि ।
- व्यवसाय सञ्चालन गर्ने छुट्टै स्विकृति लिनुपर्नेमा स्विकृतिको प्रतिलिपि ।
- कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
- सार्वजनिक खरिद नियमावली बमोजिमको स्वघोषणा पत्र ।
- आम्दा नेपालको नाममा जम्मा रू. १,००,०००।०० (अक्षेरुपी एक लाख मात्र) बराबरको कम्तिमा तिन महिना सम्म मान्य हुने, नेपाल राष्ट्र बैंकबाट कम्तिमा ख वर्गको बैङ्किङ् इजाजत प्राप्त बैंकले जारि गरेको बोलपत्र जमानत (विड वन्ड) पत्र ।

- कम्पनीको तर्फबाट दस्तखत गर्ने अख्तियारी पत्र ।
- तोकिएको शर्तनामा मञ्जुरी फारममा आवश्यक विवरण भर्ने र प्रत्येक पानामा कम्पनी/फर्मको तर्फबाट अख्तियारी प्राप्त व्यक्तिको दस्तखत, नाम सहित कम्पनी/फर्मको छाप लगाएको हुनुपर्नेछ ।

४. **प्रिविड मिटिङ्** वि.सं. २०८०।११।१० गते भित्र तोकिएको शूल्क बुझाइ बोलपत्र फारम खरिद गरिसकेका ईच्छुक बोलपत्र प्रस्तावकहरु सँग वि.सं. २०८०।११।११ गते, विहान ११:०० बजे आम्दा नेपाल केन्द्रिय कार्यालयमा प्रि-विड मिटिङ् आयोजना गरिनेछ । बोलपत्र फारममा उल्लेखित कुनै बुँदामा थप स्पष्टता भएता सहभागीले लिखित/मौखिक प्रश्न राख्न सक्नेछन् । प्रि-विड मिटिङ्मा उठेका सवालको आधारमा बोलपत्र फाराममा उल्लेखित व्यहोरा आंशिक वा पूर्ण संशोधन गर्ने वा नगर्ने अधिकार आम्दा नेपालमा निहित राखिएको छ ।

५. **दरभाऊ प्रस्तावः** बोलपत्र फारम भर्दा नेपाल सरकारको प्रचलित नियमानुसार भ्याट बाहेकको नेपाली मुद्राको दररेट अंक र अक्षर दुबैमा भर्नुपर्नेछ । अंक र अक्षरमा द्विविधा भएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेर भएको ठाउँमा सही छाप गर्नुपर्नेछ । नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने भ्याट बाहेक सबै प्रकारका करहरु र स्थानिय स्तरमा तिर्नु पर्ने अन्य सबै प्रकारका कर तथा शूल्कहरु दररेटमा समाबेश भएको मानिनेछ । बोलपत्रदाताले गर्नु पर्ने कामको पूर्ण विवरण (कामको प्रकार, स्थान, अवधि आदि) बुझी जानी दररेट भरेको मानिनेछ । आवश्यक परेमा आम्दा नेपालले बोलपत्रदाताले प्रस्ताब गरेको काम तथा निर्माण कार्यमा प्रयोग गर्न प्रस्ताव गरेको सामानहरुको गुणस्तर परिक्षण गर्न सक्नेछ । तोकिएको गुणस्तर बमोजिमको सामान आपूर्ति वा काम सम्पन्न गर्न नसकेमा परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) समेत जफत हुनेछ ।

६. **बोलपत्र फारम संशोधनः** बोलपत्र फारममा संशोधन आवश्यक देखिएमा आम्दा नेपालले बोलपत्र पेश गर्ने अन्तिम मिति अगावै संशोधन गर्न सक्नेछ ।

७. **प्रस्ताव पेश गर्ने अन्तिम मिति/समयः** शिलबन्दी बोलपत्रहरु, बोलपत्र फारम बुझाउने अन्तिम वि.सं. २०८०।११।१५ गते दिउँसो २ बजे तोकिएको छ । रितपूर्वक प्राप्त प्राविधिक प्रस्ताव/बोलपत्र फारम वि.सं. २०८०।११।१५ गते दिउँसो ३ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरु समेतको रोहवरमा आम्दा नेपालको केन्द्रीय कार्यालयमा खोलिने छ । उक्त दिन सार्वजनिक विदा परेमा बिदा पछि कार्यालय खुलेको दिन सोही स्थान र मितिमा खोलिनेछ । बोलपत्र/दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न वाधा पुग्ने छैन । रितपूर्वक प्राप्त नभएको वा योग्यता नपुगेको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. **निःशुल्क मर्मतः** तोकिएको निमार्ण संवन्धि काम सम्पन्न गरी हस्तान्तरण गरेको मितिले एक वर्ष अवधि सम्म निःशुल्क मर्मत संभारको कार्य संवन्धित निर्माणकर्ता अर्थात् छनौट हुने प्रस्तावकले गर्नु पर्नेछ ।

९. **बैंक जमानतः** बोलपत्रदाता छनौट भएको सूचना जारी भएको सात दिन भित्र भ्याट समेत स्विकृत रकमको जम्मा पाँच प्रतिशतका दरले हुन आउने रकम बराबरको एक वर्ष मान्य हुने, आम्दा नेपालको नाममा जारी भएको परफरमेन्स वण्ड (बैंक ग्यारेन्टी) सहीत आम्दा नेपालसँग संझौता गरिसक्नु पर्नेछ । अन्यथा बिडवण्ड जफत हुनेछ । बोलपत्रहरुको आन्तरिक मूल्याङ्कनको आधारमा आम्दा नेपालले थप बीस प्रतिशतसम्म परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) माग गर्न सक्नेछ ।

१०. **बैंक जमानत जफत हुने र कालोसुचीमा राखिनेः** प्रस्तावनाका शर्त उलंघन भएको वा प्रस्ताव छनौट भएकोमा संझौता गर्न नआएको अवस्थामा बोलपत्रदाता/प्रस्तावकले पेश गरेको बैंक जमानत (विड वोण्ड) जफत गरिनेछ । बोलपत्रदाता/प्रस्तावकले संझौतामा तोकिएका शर्तको पालना नगरेमा वा एक महिना भन्दा वढी अवधिसम्म विग्रेको मरमत गरी सञ्चालनमा ल्याउन नसकेमा बोलपत्रदाता/प्रस्तावकले पेश गरेको बैंक जमानत (परफरमेन्स वोण्ड) जफत गरिनेछ । बैंक जमानत जफत गर्नु परेको अवस्थामा संवन्धित बोलपत्रदाता/प्रस्तावकलाई कालोसुचीमा राख्ने व्यवस्था गरिनेछ ।

११. **निर्माण समयावधिः** आम्दा नेपाल र बोलपत्रदाता बिच संझौता सम्पन्न भई आम्दा नेपालले कार्यादेश जारी गरेको मितिले ६ (छ) महिना भित्र कार्य सम्पन्न गरि सक्नुपर्ने छ । बोलपत्रदातालाई "एड्भान्स पेमेन्ट" आवश्यक परेमा आम्दा नेपालको नियमानुसार जम्मा संझौता रकमको बढीमा बीस प्रतिशत रकम बोलपत्रदाताले पेश गरेको सो बराबरको एड्भान्स पेमेन्ट ग्यारेन्टीको आधारमा मात्र भुक्तानी दिन सकिनेछ । छनौट भएको बोलपत्रदाताले आम्दा नेपालसँग गरेको संझौताको शर्तहरु पालना गर्न असमर्थ भएमा आम्दा नेपालले परफरमेन्स बोण्ड र एड्भान्स पेमेन्ट ग्यारेन्टी दुवै जफत गर्नेछ ।

१२. **संझौता रद्दः** आम्दा नेपालले जारि गरेको कार्यादेश बमोजिम तोकिएको समयावधि भित्र आंशिक मात्र काम सम्पन्न हुने परिस्थिति ठहर भएमा, कुनै पनि बखत संझौता रद्द गरि तोकिएको समयावधि भित्र काम सम्पन्न गर्न आवश्यक अन्य व्यवस्था गर्न सक्नेछ । संझौता गरेको निर्माण व्यवसायीले आंशिक काम सम्पन्न गर्नाले संस्थाको काममा उत्पन्न व्यवधानको क्षतिपूर्ति स्वरुप, आम्दा नेपालले बाँकी काम सम्पन्न गर्न अन्य व्यवसायी परिचालन गर्दा लागेको सम्पूर्ण मूल्यको बीस प्रतिशत थप गरि जरिवाना तोक्न वा परफरमेन्स वोण्ड र एडभान्स पेमेन्ट ग्यारेन्टी जफत गर्न सक्नेछ ।

१३. **भुक्तानीः** निर्माण सम्वन्धि काम पुरा भइ प्राविधिक परिक्षण पश्चात् नेपाली मुद्रामा क्रस चेक मार्फत भुक्तानी गरिनेछ । नेपाल सरकारको प्रचलित नियमानुसार लाग्ने कर अग्रिम कट्टा गरिनेछ ।

१४. **संझौता बदरः** निर्माण व्यवसायीले संझौता बदर गर्न चाहेमा कम्तिमा तीन महिना अगावै लिखित सूचना दिनुपर्नेछ । संझौता बदरहुने अवस्थामा आम्दा नेपालले परफरमेन्स वोन्ड र एडभान्स पेमेन्ट ग्यारेन्टी जफत गर्नेछ । संझौता बदरको प्रस्ताव स्विकार गर्ने वा नगर्ने अधिकार आम्दा नेपालमा सुरक्षित रहनेछ ।

१५. **बस्तु तथा सेवाको गुणस्तरः** संझौता कार्यान्वयन गर्दा तोकिएका बस्तु, सेवा वा सरसामानहरुको गुणस्तरको सुनिश्चितता, आवश्यक प्राविधिक सहयोग र अन्य सबै प्रकारका सरसहयोग, बोलपत्रसाथ पेश गरे वमोजिम बोलपत्रदाताले उपलब्ध गराउनु पर्नेछ ।

१६. **छनौटको अधिकारः** बोलपत्रहरु आंशिक वा पूर्णरुपमा, जानकारी दिई वा नदिई स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, पूर्ण रुपमा आम्दा नेपालमा सुरक्षित रहनेछ ।

बोलपत्र संवन्धि थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

<u>**सम्पर्क राख्ने ठेगाना**</u>

आम्दा नेपाल
केन्द्रीय कार्यालय, गोकर्णेश्वर-६, काठमाडौं
टेलिफोनः०१–४९१०२३५/४९१११४०

आम्दा नेपालको उपरोक्त सूचना वमोजिम तोकिएका उपरोक्त शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु/गर्दछौं ।

संस्थापक वा आधिकारीक पदाधिकारीको नामः ..........................................................

हस्ताक्षरः ..........................................................
मितिः वि.सं. .............................

फर्म: कंपनीको छाप